# सभापोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा

## नीति तथा कार्यक्रम -२०७५

१. सभापोखरी गाउँपालिकाका सडक निर्माणमा विशेष ध्यान दिदै। डके -बाह्रविसे सडक खण्ड निर्माणलाई पहिलो प्राथमिकता दिदै आ.व. ०७५।०७६ लाई सडक वर्ष निर्माण वर्षको रुपमा मनाईने छ।

२. सभापोखरी गाउँपालिकाको धार्मिक तथा पर्यटकीय धरोहरको रुपमा रहेको सभापोखरीलाई योजनावद्ध रुपमा विकास गर्न गुरुयोजना तयार गर्न विशेष ध्यान दिइने छ।

३. सभापोखरी गाउँपालिका जलश्रोतको रुपमा जति धनि छ , विपत र वातावरणीय जोखिमको हिसावले त्यति नै चुनौतिपूर्ण समेत रहेको हुदा त्यसलाई नियन्त्रण र व्यवस्थापन गर्न आवश्यक पहल गरिने नीति लिइने छ।

४. सभापोखरी गाउँपालिका भरखर घोषणा भएको र विगत गा.वि.स. हुदा पनि भौतिक पूर्वाधारको अवस्था मजवुत नरहेको हुदा हाल कार्यालय व्यवस्थापनमा समस्या रहेको कुरा यहाँहरुलाई विदितै छ। यस विषयलाई विशेष ध्यान दिदै कार्यलय व्यवस्थापनमा विशेष जोड दिइने छ।

५. सवै वडाहरुलाई समानुपातिक विकासको अवधारणा अनुसार समान रकम विनियोजन गरिएको छ। आगामी वर्षदेखि जनसंख्या ,भौगोलिक विकटता र गरिवीको अवस्थालाई दृष्टिगत गरि रकम विनियोजन गरिने नीति लिइने छ।

६. शैक्षिक क्षेत्रमा रहेको न्यून जनशक्तिलाई पूर्ति गर्न र थोरै पारिश्रमिकमा काम गरिरहेका जनशक्तिलाई उत्प्रेरित गर्न विगतमा  दिइदै आएको सेवा सुविधालाई निरन्तरता दिने नीति लिइने छ।

७. शैक्षिक क्षेत्रलाई आधुनिकरण र वैज्ञानिकीकरण गर्न तथा त्यस क्षेत्रमा कामकाजमा सहजीकरण गर्न यस गाउँपालिकामा रहेका विद्यालयहरुलाई आधुनिकीकरण गर्न विशेष ध्यान दिईने छ।

८. यस गाउँपालिकामा रहेका धार्मिक , सास्कृतिक र पर्यटकीय स्थलहरुको अध्ययन गरि त्यसलाई संरक्षण तथा सम्वर्धन गर्ने नीति लिइने छ ।

९. सिमित श्रोत र साधनलाई अधिकतम उपयोग गरि विकास निर्माणमा जनताको अपनत्व कायम गर्न र विकासमा दिगोपना कायम गर्दै आफ्नो नागरिकहरुको सहभागीता सुनिश्चता कायम गर्न साझेदारी गर्ने नीति लिइने छ ।

१०. यस गाउँपालिकाले माछा संरक्षण गर्न लिइदै आएको नीतिलाई अझ व्यवस्थित गर्दै निरन्तरता दिइने छ ।

११. यस गाउँपालिकाको  वढ्दो शहरीकरणलाई व्यवस्थित  र मापदण्ड अनुरुप वस्ती विकास गर्न आवश्यक मापदण्ड वनाई लागू गरिने छ ।

१२. विश्वमा भइरहेका वातावरण विनाश तथा जलवायु परिवर्तनको असर क मगर्न यस गाउँपालिका क्षेत्रमा सरसफाई अभियान संचालन गर्नुका साथै प्लाष्टिकजन्य फोहोरलाई कम गर्न त्यस्ता प्लाष्टिकबाट घर सजावटका सरसामान तथा खेलौनाका सामाग्री निर्माणका लागि अन्य निकायसंग सहकार्य गरि यस गाउँपालिका भित्रका महिलालाई तालिम प्रदान गरिने नीति लिइने छ ।

१३. स्वास्थ्य क्षेत्रको मेरुदण्डको रुपमा रहेका महिला स्वास्थ्य स्वयं सेविकाको कार्यको उचित मूल्यांकन गर्दै निजहरुलाई प्रोत्साहित गरिने लिइने छ ।

१४. यस गाउँपालिकामा जनशक्तिको न्यूनता, कार्यचापमा वृद्धि, जनआकांक्षा अनुरुप काम गर्न कर्मचारीको क्षमताविस्तार र सेवा प्रवाहमा वढी समय कर्मचारीहरु खट्नु पर्ने भएकोले उक्त कार्यमा कर्मचारीहरुलाई उत्प्रेरित  गर्न आवश्यक व्यवस्था गरिने छ ।

१५. गम्भिर रोग लागि उपचार गर्न नसक्ने आर्थिक रुपमा विपन्न नागरिकहरु र आर्थिक रुपमा कमजोर भई गाउँपालिका क्षेत्र भन्दा बाहिर रहेका अस्पतालमा उपचार गराउनु पर्ने तर यातायात खर्चको व्यवस्था गर्न नसक्ने नागरिकहरुको लागि विशेष व्यवस्था नीति लिइने छ ।

१६. गाउँपालिकामा विभिन्न योजना तथा कार्यक्रम संचालन गर्दा प्रकृतीका आभारमा गैर सरकारी संस्था, संगठित संस्था , नागरिक समाज, नीजि क्षेत्रसँग सहकार्य गर्ने नीति लिईनेछ ।

१७. गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमलाई प्रभावकारी ,सरल ,सहज र पारदर्शि रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१८. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिने छ। कृषकहरुलाई आवश्यक तालिमको व्यवस्था गरि वेमौसमी तरकारी खेती उत्पादनमा प्रश्रय दिइने छ। साथै पशुजन्य खाद्य र अन्य पदार्थ उत्पादनमा विशेष जोड दिइने नीति लिइने छ।

१९. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको मूल आधारको रुपमा विकास गर्न प्रसिद्ध धार्मिक स्थल सभापोखरी ,गोरुजुरे हिमाल ,रानीढुंगा, वन्दुके डाँडा , सिद्धेढुंगा ,महादेवस्थानलाई आर्कषक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्ने नीति लिइने छ।

२०. वजारमा हुने कालावजारी ,अकाशिदो मूल्य वृद्धि तथा अस्वच्छ प्रतिस्पर्धालाई न्यूनीकरण गर्न वजार अनुगमन तथा निरिक्षण कार्यलाई प्रधावकारी रुपमा लागू गरिने छ।

२१. सभापोखरी गाउँपालिका क्षेत्रका मुख्य सडक र सहायक ग्रामिण सडकहरुको वर्गिकरण गरि ती सडकहरुको मापदण्ड वनाई लागू गर्न नगरयातायात गुरुयोजना वनाई लागू गर्न आवश्यक व्यवस्था मिलाइने छ।

२२. गाउँपालिकाका वडा कार्यालयहरुको भवन निर्माण स्थलसम्म मोटर वाटो निर्माण कार्यलाई प्राथमिकताको साथ अघि वढ्ने नीति लिइने छ।

२३. चैनपुर -बाह्रविसे सडक मर्मत तथा स्तरोन्नति गर्ने कार्यलाई विशेष जोड दिइने छ।

२४. यस गाउपालिकाका महत्वपूर्ण तथा धेरै लागत लाग्ने योजनाहरुलाई प्रदेश ,संघ र अन्य निकायहरुसँगको सहकार्यमा निर्माण गर्ने नीति लिइने छ।

२५. यस गाउँपालिकाको गहनाको रुपमा रहेको प्रसिद्ध धार्मिक तिर्थस्थल त्रिवेणी धामलाई विभिन्न निकायसँग समन्वय र सहकार्यमा निर्माण गर्ने नीति लिईने छ।

२६. यस गाउँपालिकामा एक प्राविधिक शिक्षालय स्थापनामा आवश्यक पहल गर्ने नीति लिइने छ।

२७. सभाखोलाबाट आवश्यक विद्युत उत्पादन गरी गाउँपालिकाको आर्थिक श्रोत वलियो वनाउन आवश्यक पहल गरिने छ।

२८. प्रत्येक वडामा स्वास्थ्य एकाइ स्थापना गर्ने नीति लिईनेछ

२९. गाउँपालिकाको ३ वटै स्वास्थ्य चौकीको भवन निर्माणका लागि संघ र प्रदेश सरकार संग माग गरिनेछ।

३०. बाह्रबिसे प्रहरी चौकीलाई ईलाका प्रहरी कार्यालय बनाउन पहल गरीनेछ।

३१. गाँउपालिकामा प्राथामिक स्वास्थ्य केन्द्र स्थापनाको लागि आवश्यक पहल गरीनेछ।

३२. आगामि २ आर्थिक बर्ष भित्र सिंगो सभपोखरी गाँउपालिका भित्र केन्द्रिय बिद्युतको पहुँच पुर्याउन आवश्यक कारबाही गरिनेछ ।

३३. आगामि आर्थिक बर्ष २०७५।०७६ भित्र नेपाल टेलिकमको टावर निर्माण कार्य सम्पन्न गरिनेछ ।

३४. यस सभापोखरी गाँउपालिका भित्र एक रंगशाला निर्माण गर्नको लागि आवश्यक पहल गरीनेछ ।

३५. यस गाँउपालिका भित्र रहेका सर्म्पुण किसानहरुलाई उन्नत जातको गाईपालनको लागि प्रोत्साहन हुने गरीको कार्यक्रम तर्जुमा गरीनेछ ।

३६. गाँउपालिका स्तरीय कम्तीमा ७०० जना क्षमता भएको एक सभाहलको निर्माण कार्यमा जोड दिईनेछ ।

३७. सभापोखरी गाँउपालिकामा बहुमुल्य खानिहरु रहन सक्ने संभ्वाव्यताको अध्ययन गरी सोको लागि आवश्यक छुट्टै स्थानीय कानून निर्माण गरिनेछ ।

३८. सभापोखरी गाँउपालिका भित्र रहेका सडकहरुको लगत कट्टा गरी सडक मापदण्ड तयार गरीनेछ ।

३९. सडक निर्माण गर्दा वृक्षारोपण तथा बहुउपयोगी घाँस खेतीलाई प्रोत्साहीत गरीनेछ ।

४०. सभापोखरी गाँउपालिका भित्र रहेका संघ संस्थाले संस्थागत बिकासका लागि नियमावलि तयार गरी गा.पा.बाट स्वीकृती गरि संचालनको लागि आवश्यक मापदण्डमा ल्याईनेछ ।

४१. यस गाँउपालिका क्षेत्रभित्रका सरोकारवाला संघ संस्था व्यत्तिहरुको सहकार्यमा बाताबरण संरक्षण गर्ने निती लिईनेछ ।

४२. यस गाँउपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा मठ मन्दिर, तथा सम्पतीहरुको संरक्षण तथा संवर्द्धन गर्ने निती लिईनेछ ।

४३. यस गाँउपालिकामा रहेका सरकारी गैरसरकारी संघ संस्था बिद्यालयहरुको सुधारका लागि निरन्तर अनुगमन तथा मुल्यांकन प्रणालीलाई जोड दिईनेछ ।

४४. गाँउपालिका  कार्यालय, वडा कार्यालय र बिद्यालयहरुमा सुशासनको प्रत्याभुती गराउनका लागि बिद्युतिय हाजिरीको व्यवस्थ गर्ने नीति लिईनेछ ।

४५. युवाहरुलाई स्वरोजगारी सृजना गर्न सिपमुलक प्राबिधिक तालिमको व्यवस्था गर्ने नीति लिईनेछ ।

४६. बाह्रबिसे बजारमा रहेका सभा र लंखुवा खोलामा बेलीब्रिज निर्माणका लागि अन्य निकायहरुको सहकार्यमा निर्माणका लागि पहल गरिनेछ ।

४७. खेलकुदको माध्यमद्वारा युवाहरुलाई सक्षम,सवल र शसक्त वनाउन अध्यक्षकप खेलकुद आयोजना गर्ने नीति लिईनेछ ।

४८. सभापोखरी गाँउपालिका भित्र आन्तरिक पर्यटन वृद्धि गर्न भ्यु टावर, वनभोज स्थल लगायतका स्थानहरु निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सरल सहज र व्यवस्थित तरिकाले भत्ता बितरण गर्नको लागि विवरण अद्यावधिक गर्नुका साथै आगामी दिनमा बैंकबाट भत्ता वितरण कसरी सहज तरिकाले गर्न सकिन्छ अध्ययन तथा विश्लेषण गरिने छ ।

धन्यवाद !